# अर्थ मन्त्रालयको सेवा प्रवाहको तात्कालिक कार्ययोजना
# २०६८

नेपाल सरकार

अर्थ मन्त्रालय

२०६८ भदौ

# सेवा प्रवाहको तात्कालिक कार्ययोजना

## पृष्ठभूमि

१. नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६३ मा व्यवस्था भएका कार्य विवरणहरुलाई मुख्य आधार मानेर अर्थ मन्त्रालयले सेवा प्रवाह गर्दै आएकोछ । आर्थिक नीतिहरुको तर्जुमा, कार्यान्वयन र सुधारको नेतृत्व गर्नु यो मन्त्रालयको मुख्य कार्यभार हो । वित्तीय क्षेत्रको विकास, विस्तार र नियमन मन्त्रालयको अर्को प्राथमिकता हो । अन्तर्राष्ट्रिय क्षेत्रीय एवं राष्ट्रिय परिदृश्यका आर्थिक मुद्दाहरु र समष्टिगत आर्थिक परिसूचकहरुको निरन्तर विश्लेषण एवं अनुसन्धान गरी गतिशील अर्थतन्त्रको विकासमा अर्थ मन्त्रालय क्रियाशिल रहि आएकोछ ।

२. विवेकशील राजस्व नीति अवलम्बन गरी राजस्व संकलन बढाएर सार्वजनिक खर्चकालागि स्रोत जुटाउनु यो मन्त्रालयको जिम्मेवारी हो । वित्तीय अनियमितता, राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रणमा मन्त्रालय र अन्तर्गतका निकायहरु सदा सक्रिय रहन्छन् । भौतिक पूर्वाधार निर्माण, सामाजिक सेवा, सुरक्षा, शिक्षा, स्वास्थ्य, आवास र खानेपानी लगायतका महत्वपूर्ण क्षेत्रहरुमा आन्तरिक तथा वाह्य स्रोत परिचालनको पहल यही मन्त्रालयबाट हुन्छ । वैदेशिक सहायता उपयोगको क्षमता वृद्धि गर्न आयोजना कार्यान्वयन गर्ने निकायलाई घच्घच्याउने र उत्प्रेरित गर्ने कार्य पनि हुँदै आएकोछ ।

३. बजेट तर्जुमा अर्थ मन्त्रालयको महत्वपूर्ण कार्य हो । राष्ट्रिय योजना आयोग, विभिन्न मन्त्रालयहरु/निकायहरु र सवै सरोकारवालाहरुको सहयोग जुटाई आर्थिक वृद्धि र विकासलाई तीव्रता दिने र समष्टिगत आर्थिक संतुलन कायम गर्ने ढंगले बजेट प्रणाली सञ्चालन गरिन्छ । बजेट तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न सबै मन्त्रालय/निकायहरुलाई सहयोग उपलब्ध गराउन पनि यो मन्त्रालय कटिवद्ध रहेको हुन्छ ।

४. बजेट कार्यान्वयनको आवधिक रुपमा अनुगमन र मूल्याङ्कन गरी विकास आयोजनाहरुलाई समयमै सम्पन्न गर्न पनि यस मन्त्रालयले प्रोत्साहन गर्दछ। ।

५. सार्वजनिक संस्थान र समितिहरुमा नीतिगत सुधार, संचालन कुशलताको अभिवृद्धि र व्यवसायिकता विकास गर्न आवश्यक समन्वय पनि यहिंबाट हुन्छ ।

६. राजस्व प्रशासनका संगठन तथा जनशक्तिहरुको विकास र परिचालन मन्त्रालयको अर्को कार्यक्षेत्र हो ।

७. अर्थ मन्त्रालयले गर्नुपर्ने कार्यहरु यस अन्तर्गतका महाशाखाहरु, विभागहरु र कार्यालयहरु मार्फत सम्पादन हुने गर्दछन् । मन्त्रालयको संगठनात्मक संरचनामा आर्थिक कार्य विषयक तथा नीति विश्लेषण, बजेट तथा कार्यक्रम, वैदेशिक सहायता समन्वय, राजस्व, अनुगमन तथा मूल्याङ्कन, कानून, प्रशासन, संस्थान समन्वय महाशाखा र राजस्व परामर्श समिति रहेका छन् । सरकारको आर्थिक प्रशासन तथा लेखा ब्यबस्थापन गर्न महालेखा नियन्त्रक कार्यालय रहेको छ । महालेखा नियन्त्रक कार्यालय अन्तर्गत ७५ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयहरु, केन्द्रीय तहसील कार्यालय र कौशितोषाखाना कार्यालय रहेकाछन् । यसै गरी भन्सार, आन्तरिक राजस्व, राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व प्रशासन तालिम केन्द्र

विभागीय स्तरका संगठन हुन । भन्सार विभाग अन्तर्गत ३० वटा मूल भन्सार कार्यालयहरु छन् । एउटा भन्सार जाँचपास परीक्षण (पि.सि.ए) कार्यालय पनि संचालनमा आएकोछ । यसैगरी आन्तरिक राजस्व विभाग अन्तर्गत २३ वटा आन्तरिक राजस्व कार्यालयहरु र १३ वटा करदाता सेवा कार्यालयहरु क्रियाशील छन् । ४ वटा राजस्व अनुसन्धान इकाइ कार्यालयहरु राजस्व अनुसन्धान विभाग अन्तर्गत पर्दछन् ।

८. अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र अन्तर्गतको कूल जनशक्ति ७ हजार ५ सय ४९ रहेकोछ ।

## सेवा प्रवाह प्रतिको प्रतिवद्धता

९. स्पष्ट दृष्टिकोण, सुधारका विषयहरुलाई तत्कालै सम्बोधन गर्ने रणनीति र उत्कृष्ट एवं नतिजामूलक कार्य संस्कृतिको अवलम्बन गरी आर्थिक समृद्धि र आम नेपालीको जीवनस्तरमा अपेक्षित सुधार ल्याउन मन्त्रालयको नेतृत्व र समग्र जनशक्ति उच्च प्रतिवद्धताका साथ सक्रिय छ । सेवा प्रवाहलाई व्यवस्थित तुल्याउन त्रिवर्षीय कार्ययोजना बनाइएकोछ । कार्य संचालनलाई बैज्ञानिक बनाउन मन्त्रालयको दृष्टिकोण, रणनीतिक र कार्यनीतिक लक्ष्यहरु निर्धारण गरिएकोछ । राष्ट्रिय योजना आयोगबाट तर्जुमा गरिएको त्रिवर्षीय योजना, बार्षिक बजेट र नेपाल सरकारबाट भएका नीति तथा निर्णयहरु बमोजिम आफ्नो कार्यक्षेत्रबाट सेवाग्राही, आमजनता र सरोकारवालाहरुलाई छिटोछरितो र गुणस्तरीय सेवा सहज ढंगले उपलब्ध गराउने प्रयत्न भइरहेकोछ । कार्यालयहरुको लक्ष्य निर्धारण गरी कर्मचारीहरुलाई लक्ष्यप्राप्तिको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराउने व्यवस्था मिलाई तोकिएको कार्यसम्पन्न गर्न उत्साह पैदा गरिएकोछ । कार्यालयहरुलाई पनि प्राप्त नतिजाको आधारमा ग्रेडिङ्ग गर्ने गरिएकोछ । सदाचारको विकास र भ्रष्टाचार नियन्त्रणका लागि शून्य सहनशिलतामा जोड दिइएकोछ । सेवाग्राहीको सेवा प्रतिको सन्तुष्टि मापन गर्ने प्रचलन शुरु भइसकेकोछ ।

## सेवा प्रवाहमा नयाँ उत्साहको संचार

१०. सम्माननीय प्रधानमन्त्री डा. वावुराम भट्टराईज्यूको नेतृत्वमा नयाँ सरकार गठन भएकोछ । यो परिवर्तनबाट समग्र प्रशासनलाई आमजनताको सेवामा समर्पित हुने व्यवसायिक, उत्कृष्ट, स्वच्छ, पूर्वाग्रहरहित, जनमैत्री संयन्त्रमा रुपान्तरण गरेर नेपाली प्रशासनको छवि र उचाई बढाउने उपयुक्त अवसर हाम्रो अगाडि आएकोछ । सरकारको प्राथमिकता र कार्यसूचीहरु प्रशस्त छन् । आमजनताहरुमा पनि आफ्ना चिरप्रतिक्षित अपेक्षा/आवश्यकताहरु साकार हुने विश्वास पलाएर आएकोछ । यसै सन्दर्भमा सम्माननीय प्रधानमन्त्रीज्यूले प्रशासनिक क्षमतामा अभिवृद्धि गर्ने, परम्परागत मान्यता र कार्यसंस्कृतिलाई स्वच्छ, समन्यायिक र सेवामुखी मान्यताले विस्थापन गर्ने, आम जनतालाई शान्ति सुरक्षा र राहत उपलब्ध गराई सामाजिक आर्थिक रुपान्तरण प्रक्रियाको क्षितिज उघार्ने तर्फ प्रतिवद्ध भई विश्वास र निष्ठापूर्वक कार्य गर्न सबैलाई निर्देशन दिँदै जनतालाई राहत पुऱ्याउने, सेवा सुविधाको प्रवाहमा थप उत्साह र सक्रियता साथ व्यवस्थित रुपले लाग्न आव्हान गर्नु भएकोछ । यसै परिपेक्ष्यमा अर्थ मन्त्रालयबाट सम्पादन हुने कार्यहरुलाई थप प्रभावकारी बनाउन यो सेवा प्रवाहको तात्कालिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएकोछ ।

## ११. अपेक्षित उपलब्धी

प्रस्तुत सेवा प्रवाहको तात्कालिक कार्ययोजना २०६८ कार्यान्वयन भएपछि आम जनतामा निम्न सुविधा उपलब्ध हुनेछ ।

- करदाताले विना झन्झट कर वुझाउने अवसर पाउने छन् ।
- उद्योगी व्यवसायीको व्यवसाय संचालन लागत लागत कम हुनेछ ।
- खुला सिमानामा हुने तस्करी लगायतका राजस्व चुहावटमा उल्लेख्य ढंगले कमी आउनेछ ।
- भन्सार नाकाहरुमा भन्सार जाँचपासको काम सरल हुनेछ ।
- गैर कानूनी ढंग र आपराधिक क्रियाकलापबाट आम्दानी गर्नेलाई सम्पत्ती शुद्धीकरण ऐन अनुसार कारवाही गरिनेछ ।
- राष्ट्रिय प्राथमिकता र जनतालाई प्रत्यक्ष लाभ पुग्ने क्षेत्रमा बैदेशिक सहायता परिचालन हुनेछ ।
- सार्वजनिक संस्थानहरुमा व्यवसायिकता अभिवृद्धि भई संस्थानहरुबाट सर्वसाधारणमा पुऱ्याउनु पर्ने सेवाको गुणस्तरमा सुधार आउनेछ ।
- बैंक तथा वित्तीय संस्थाहरुको कार्यक्षमता बढनेछ । वित्तीय सेवाको पहुँचमा विस्तार हुनेछ । यी निकायहरु प्रति जनताको विश्वास बढ्नेछ ।
- समष्टिगत आर्थिक परिसूचकहरुमा अनुकूल सुधार आउनेछ ।
- साधारण खर्चमा मितव्ययीता आउनेछ । पूँजीगत खर्चमा वृद्धि हुनेछ ।
- बजेट निकाशा, खर्च र प्रतिवेदन प्रणाली प्रभावकारी रुपमा पारदर्शि र उत्तरदायी भई वित्तीय अनुशासन कायम हुनेछ ।

| राजस्व प्रशासन | | | मुख्य जिम्मेवार निकाय : राजस्व महाशाखा | | |
|---|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम | क्रियाकलाप | सम्पन्न गर्नुपर्ने अवधि | अनुगमन सूचक | जनतामा पुग्ने लाभ |
| १ | करदाता सेवाको विस्तार | • कराधार विस्तार गर्न र करदातालाई छिटो छरितो एवं सजिलोसँग सेवा प्रवाह गर्न काठमाडौं उपत्यका वाहिर १३ वटा थप करदाता सेवा कार्यालय स्थापना गरिनेछ । | २०६८ माघ महिनाभित्र | करदाता सेवा कार्यालयको स्थापना | घरदैलोमै सहज रुपमा सेवा पाउने, करदाताको लागत/खर्च घट्न जाने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ● करदाताहरुलाई स्थलगत रुपमै सेवा प्रवाह गर्न निजीक्षेत्रसँगको साझेदारीमा घुम्तीसेवा संचालन गरिनेछ । | २०६८ आश्विन, मार्ग | कार्यक्रम संचालन गरेको प्रगति रिपोर्ट, | |
| | | ● करदाताहरुलाई स्थायी लेखा नम्वर र कर विवरण विद्युतीय माध्यमबाट दर्ता गर्ने सुविधा उपलब्ध गराउन online Registration System लाई सबै आन्तरिक राजस्व कार्यालयहरुमा विस्तार गरिनेछ । | २०६८ आश्विन भित्र | विद्युतीय माध्यमबाट दर्ता हुने करदाताको संख्या | करदाताको लागत/खर्च क्रमशः घट्दै जाने र राजस्व प्रशासनमा सूचना प्रविधिको उच्चतम प्रयोग हुने । |
| | | ● कर प्रशासन सम्वन्धी जनचेतना अभिवृद्धि गर्न स्थायी लेखा नम्बर सप्ताह संचालन गरिनेछ । | २०६८ आश्विन भित्र | कार्यक्रम आयोजना भई सोको प्रगति रिपोर्ट | करतिर्नु पर्ने विषयमा जनता जागरुक हुने र कर तिर्नुपर्ने भावनामा वृद्धि हुने । |
| २ | सजिलोसँग करदाखिला गर्ने व्यवस्था मिलाउने | ● राजस्व बुझ्ने बैंकको कुनै पनि शाखाबाट करदाखिला गर्न सकिने व्यवस्था लागू गरिनेछ । | पौष मसान्त | सेवा शुरु भएको प्रेस विज्ञप्ति | करदाताको लागत खर्च घट्न जाने । करदातालाई सहजरुपमा सेवा उपलब्ध हुने । |
| ३ | करदाता शिक्षा | ● निजीक्षेत्रको सहकार्यमा स्थानीय तहमै गई करदाताहरुलाई कर प्रशासनका विभिन्न पक्षहरु र करदायित्वको बारेमा जानकारी उपलब्ध गराइनेछ । | २०६८ चैत्र महिनाभित्र | आ.रा.का. तथा आ.रा.वि.को मासिक प्रगति विवरण | करदातालाई कर सम्बन्धी विषयमा जानकारी भै कर तिर्नुपर्दछ भन्ने भावनामा वृद्धि हुने । |
| ४ | करदाताको सत्कार | ● गत वर्ष रु १० लाखभन्दा बढी कर दाखिला गर्ने करदातालाई कर सम्बन्धी SMS सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ । | निरन्तर | सेवा प्रदान गरिएका करदाताको विवरण | कर सम्वन्धी विषयमा सहजरुपमा मोवाईलबाटै सूचना तथा जानकारी उपलब्ध हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सेवा कक्षको स्थापना | ● भन्सार विभाग र त्रि.वि. भन्सार कार्यालयको कार्गो कम्प्लेक्स बाहिर सेवाग्राही कक्षको स्थापना गरी संचालनमा ल्याइनेछ । | असोज १ गते | सेवाग्राही कक्षको स्थापना र उपयोग । | सेवाग्राहीले भन्सार सम्बन्धी विषयमा जानकारी र सहजरुपमा सेवा पाउने । |
| | | ● स्थल मार्गका सबै प्रमुख भन्सार कार्यालयहरुको यात्रु शाखालाई स्वसंचालन (Automation) मा रुपान्तरण गरिनेछ । | कार्तिक भित्र | सम्भाब्य कार्यालयका यात्रु शाखाको स्वसंचालन । | सूचना प्रविधिको प्रयोगबाट सहजहरुमा सेवा पाउने र लागत खर्च समेत घट्ने । |
| ६ | भन्सार कार्यालयमा राजस्व दाखिला गर्ने कार्यलाई सहज तुल्याउने कार्यक्रम । | ● सम्वन्धित निकायबाट स्वीकृति लिई बैंकबाट जारी हुने भौचरलाई नै राजस्व प्राप्तिको रसिदको मान्यता हुने व्यवस्था मिलाइ छुट्टै रसिद लिनु पर्ने झन्झटबाट सेवाग्राहीलाई मुक्त गरिनेछ । | कार्तिक मसान्त भित्र | बैंकबाट जारी भौचरको प्रयोग | लागत खर्च घट्ने । भन्सारबाट जारी गरीद नगदी रसिद नक्कली हुने सम्भावना न्यून भै चुहावट नियन्त्रण हुन जाने । |
| ७ | व्यापार सहजीकरण | ● मेची भन्सार कार्यालयमा छनौट प्रणालीमा आधारित जाँचपास व्यवस्था लागू गरिनेछ । | कार्तिक मसान्त भित्र | छनौट प्रणालीको आधारमा जाँचपास | जाँचपास छिटो छरितो र सहज हुने । लागत खर्च घट्न जाने । |
| | | ● व्यापार सहजीकरण समिति गठन गरी सेवाग्राहीको गुनासो र कठिनाईहरुको सजिलोसँग सुनुवाई गरिनेछ । | भदौ मसान्त भित्र | व्यापार सहजीकरण समिति गठन र संचालन | सेवाग्राहीको गुनासो सुनुवाई भै समस्या समाधान गर्न सजिलो हुने । |
| ८ | भन्सार प्रशासनमा हुनसक्ने अनियमितता प्रति शुन्य सहनशीलताको विकास | ● भन्सार प्रशासनमा कार्यरत कर्मचारीहरुको आचार संहिता परिमार्जन गरिनेछ । | असोज मसान्त भित्र | परिमार्जित आचार संहिता | सदाचार पद्धतिको विकास हुने । |
| | | ● आचार संहिताको कार्यान्वयनको निरन्तर अनुगमन गरी तत्काल आवश्यक कारवाही गरिनेछ । | निरन्तर | कारवाहीको संख्या | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | राजस्व चुहावट नियन्त्रण | ● हाल छानविनको दायरामा रहेका नक्कली मूल्य अभिवृद्धिकर विजक उपरको छानविनलाई सम्पन्न गरिनेछ । | असोज मसान्त | कारवाहीको संख्या | चुहावट नियन्त्रण हुने र गैर कानूनी काम गर्न निरुत्साहन हुने । राजस्व संकलनमा सकारात्मक प्रभावपर्ने । |
| | | ● राजस्व चुहावटका सम्भावित क्षेत्रहरुमा निरन्तर निगरानी र अनुसन्धानलाई सघन बनाइनेछ । | निरन्तर | अनुसन्धानको संख्या | राजस्व चुहावटमा नियन्त्रण भै राजस्व संकलनमा सकारात्मक प्रभाव पर्ने । |
| | | ● सशस्त्र प्रहरी बल, उच्चस्तरीय अनुगमन टोली द्रुत गस्ती र राजस्व गस्ती परिचालन गरी राजस्व चुहावट नियन्त्रण गरिनेछ । | निरन्तर | राजस्व संकलनमा भएको वृद्धि | राजस्व चुहावटमा नियन्त्रण भै राजस्व संकलनमा सकारात्मक प्रभाव पर्ने । |
| १० | बक्यौता असुली | ● हालसम्म बक्यौता रहेका करलाई असुलीको योजना बनाई दाखिला गर्न लगाइनेछ । | आर्थिक वर्षभित्र | वक्यौताको संख्या | पुराना बाँकी वक्यौता असूल भै राजस्व संकलनमा वृद्धि हुने । |
| **राजस्व परामर्श** | | | **मुख्य जिम्मेवार निकायः राजस्व परामर्श समिति** | | |
| ११ | निजी क्षेत्र लगायत सम्बद्ध सबै सरोकारबालाहरुको सहकार्यमा राजस्व नीति र कार्यक्रम तयार गर्ने । | • बजेट तर्जुमाको सिलसिलामा राजस्व नीति, कार्यप्रक्रिया एवं दरहरुको परिमार्जनका लागि सरकारी एवं निजि क्षेत्रको माग संकलन गरिनेछ । | नियमित | कार्यक्रम कार्यान्वयन समिक्षा बैठक | निजी क्षेत्रको भावना, सर्वसाधारणको अपेक्षा र नयाँ प्रवृत्तिहरुलाई सम्बोधन गर्ने राजस्व नीति तर्जुमा भई सबै सरोकारवालालाई लाभ पुग्ने । |
| | | • राजस्वको दायरा बढाउने/राजस्व चुहावट नियन्त्रण गर्ने/राजस्व छुट सुविधाको प्रभावकारिता अध्ययन गर्ने जस्ता केही विषयमा अध्ययन अनुसन्धान गरिनेछ । | नियमित | कार्यक्रम कार्यान्वयन समिक्षा बैठक | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | केन्द्रीय राजस्व बोर्ड गठन गर्ने | • केन्द्रीय राजस्व बोर्ड ऐन र नियमावली तर्जुमा गर्न अन्तरक्रिया गोष्ठी गरी ऐनको मस्यौदा परिमार्जन तथा नियमावली तर्जुमा गरिनेछ । | ऐनको मस्यौदा तर्जुमा पौष मसान्तभित्र र अन्य कार्य असार मसान्तभित्र | ऐन नियमको मस्यौदा | राजस्व प्रशासनमा सुधार आई सरोकारवाला सबैलाई लाभ पुग्ने । |
| | | • विज्ञहरुको टोली गठन गरी केन्द्रीय राजस्व बोर्ड र यस अन्तर्गत रहने विभाग तथा कार्यालयहरुको संगठनात्मक संरचना, कर्मचारी दरबन्दी र काम, कर्त्तव्य तथा अधिकार सम्बन्धमा अध्ययन गराईनेछ । | ऐनको मस्यौदा तर्जुमा पौष मसान्तभित्र र अन्य कार्य असार मसान्तभित्र | ऐन नियमको मस्यौदा | |
| **यी कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनकालागि मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ । आन्तरिक राजस्वसँग सम्बन्धित सेवा प्रवाहलाई आन्तरिक राजस्व विभाग, भन्सार प्रशासन सम्वन्धी सेवालाई भन्सार विभाग र चुहावट सम्वन्धी कार्यलाई यी दुवै विभाग र राजस्व अनुसन्धान विभाग एवं सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले विस्तृत रुपमा छुट्टाछुट्टै कार्ययोजना बनाई कार्यान्वयन गर्नेछन् । राजस्व महाशाखा र अनुगमन तथा मुल्यांकन महाशाखाबाट त्यसको प्रभावकारी अनुगमन हुनेछ ।** | | | | | |
| **बजेट कार्यान्वयन** | | | **मुख्य जिम्मेवार निकायः बजेट महाशाखा** | | |
| १३ | मितव्ययितामा जोड । | • सार्वजनिक खर्चमा मितव्ययिता कायम राख्नकालागि निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । | भाद्र मसान्त | निर्देशिकाको तर्जुमा र पालनाको अवस्था | स्रोतसाधन उत्पादनमूलक क्षेत्रमा परिचालन भई त्यसको प्रतिफलबाट जनता लाभान्वित हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | पूँजीगत खर्चमा वृद्धि | • विकास निर्माणका कार्यहरुको लागि विनियोजित बजेट समयमै खर्च गरी त्यसको प्रतिफल आम सर्वसाधारणमा पुग्ने व्यवस्था सुनिश्चित गर्न आयोजना संचालन गर्ने निकायहरुलाई निरन्तर उत्प्रेरित गरिनेछ । | निरन्तर | पूँजीगत खर्चमा भएको वृद्धि | ,, ,, ,, ,, |
| **अनुगमन तथा मुल्यांकन** | | | **मुख्य जिम्मेवार निकायः अनुगमन तथा मुल्यांकन महाशाखा** | | |
| १५ | बजेट वक्तव्यको कार्यान्वयनको अनुगमन | • सवै मन्त्रालयहरुबाट मासिक प्रगति संकलन गरिनेछ । | निरन्तर | समिक्षाको पृष्ठपोषण | विकास आयोजना समयमै कार्यान्वयन भई जनता लाभान्वित हुने । |
| | | • प्रत्येक दुई महिनामा सबै मन्त्रालयका सचिवहरुको सहभागितामा समिक्षा बैठक सम्पन्न गरिनेछ । | | | |
| | | • अर्ध बार्षिक तथा बार्षिक समीक्षा सम्पन्न गरिने छ । | | | |
| १६ | रु. १५ करोड भन्दा माथिका छानिएका आयोजनाहरुको अनुगमन | • प्रत्येक दुई महिनामा आयोजनाहरुको समीक्षा गरिनेछ । | निरन्तर | समिक्षाको पृष्ठपोषण | |
| | | • प्रत्येक महिना आयोजनाको वित्तीय तथा भौतिक प्रगति संकलन गरिनेछ । | | | |
| | | • आयोजनाहरुको स्थलगत अनुगमन गरिनेछ । | | | |
| **सार्वजनिक खर्च व्यवस्थापन** | | | **मुख्य जिम्मेवार निकायः महालेखा नियन्त्रकको कार्यालय** | | |
| १७ | निकासा, खर्च, लेखा, वित्तीय प्रतिवेदन र आन्तरिक लेखा परीक्षणलाई सरल तुल्याउन कार्यपद्धतिमा सुधार । | • DECS/CGAS/RAS कार्यविधि तर्जुमा गरिनेछ । | ०६८ चैत्र | कार्यविधि दस्तावेज | सेवाग्राही जनता र निकायहरुले पाउने सेवा समयमा सहज ढंगले प्राप्त हुने । |
| | | • कोलेनिका कार्य संचालन निर्देशिका परिमार्जन गरिनेछ । | ०६८ माघ | निर्देशिका दस्तावेज | " |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • सरकारी सम्पतिको अभिलेख तयारी र प्रकाशन गरिनेछ। | ०६८ मंसिर | सम्पतिको प्रतिवेदन | सेवाग्राही जनता र निकायहरुले पाउने सेवा समयमा सहज ढंगले प्राप्त हुने। |
| | | • Project Account तर्जुमा निर्देशिका तयारी गरी लागू गरिनेछ। | ०६८ फाल्गुण | निर्देशिका दस्तावेज | " |
| | | • निवृत्तिभरण व्यवस्थापन प्रणाली (Pension Management System) को एकीकृत Software र Hardware विकास गरी कार्यान्वयनमा ल्याइनेछ। | ०६९ असाढ | Software संचालनको जानकारी | " |
| १८ | सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार ल्याउन एकल खाता कोष प्रणालीको विस्तार। | • ३८ जिल्लामा कार्यान्वयनमा आएको एकल खाता कोष प्रणाली (TSA) लाई थप २५ जिल्लामा विस्तार गरिनेछ। | ०६९ असाढ | विस्तार भएको अभिलेख | प्रणालीगत सुधारले सार्बजनिक खर्च भूक्तानीलाई बैज्ञानिक र पारदर्शि बनाई उत्तरदायित्व निर्वाहमा बल पुर्‍याउने। |
| | | • एकल खाता कोष प्रणाली (TSA) को ५ वटा क्षेत्रीय श्रोत केन्द्र स्थापना गरिनेछ। | ०६९ असाढ | श्रोत केन्द्र स्थापना | " |
| १९ | सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वको सुदृढीकरण | • PEFA कार्य संचालन कार्यविधि तर्जुमा गरिनेछ। | ०६८ पौष | कार्यविधि निर्देशिकाको दस्तावेज | कार्य पद्दति र सूचनामा पहूच वृद्धि भई वित्तीय उत्तरदायित्व बढी सेवा प्रवाह राम्रो हुने |
| | | • PEFA Resource Center स्थापना र संचालन गरिनेछ। | ०६८ पौष | केन्द्रको संचालन | " |
| | | • Nepal Public Sector Accounting Standard (NPSAS) को कार्यान्वयन कार्यविधि तर्जुमा गरिनेछ। | ०६९ असाढ | कार्यविधि दस्तावेज | " |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • Debt Sustanability Assessment अध्ययन प्रतिवेदन तयार गरिनेछ। | ०६९ अषाढ | अध्ययन प्रतिवेदन | प्रणालीगत सुधार हुने |
| | | • सार्क स्तरीय एकल खाता कोष (TSA) को गरिनेछ। | ०६८ भाद्र | गोष्ठी आयोजना को प्रतिबेदन | प्रणालीगत सुधारबाट सेवा प्रबाहमा प्रभाबकारिता बढ्ने। |
| **बजेट निकासा, खर्च, लेखापालन, वित्तीय प्रतिवेदनलाई व्यवस्थित रुपमा सम्पन्न गर्न महालेखा नियन्त्रकको कार्यालय अन्तर्गतका कोष तथा नियन्त्रक कार्यालयहरुले छुट्टाछुट्टै विस्तृत कार्ययोजना बनाई सेवाप्रवाह गर्नेछन।** | | | | | |
| **समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्र व्यवस्थापन** | | | **मुख्य जिम्मेवार निकायः आ.का.वि. तथा नि.वि. महाशाखा** | | |
| २० | प्रिमियम अनुदान | बाली तथा पशु बीमा गर्दा लाग्ने प्रिमियमको ५० प्रतिशत रकम अनुदान दिइनेछ। | निरन्तर | बीमाको अंक, बीमित संख्या | बाली तथा पशु बीमा सरल र सुलभ भई कृषकलाई लाभ हुने |
| २१ | बित्तीय संस्थाहरुको पुनः संरचना तथा पूँजीकरण | • सरकारी बैंक तथा वित्तीय संस्थाहरुको पुनः संरचना तथा आवश्यक पूँजीकरण गरिनेछ। | २०६८ चैत्र | पुनः संरचनाको संख्या र वित्तीय स्थितिमा आएको सुधार। | बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय स्वास्थ्यमा अनुकूल प्रभाव पर्ने<br>बैंक तथा वित्तीय संस्थाहरुको पुनः संरचना भई अनावश्यक खर्च कटौती तथा सेवा प्रभावकारीतामा बृद्धि हुने। |
| २२ | गैर आवासीय नेपालीलाई घितोपत्रमा लगानी प्रोत्साहन गर्ने | • नेपाली मूलका विदेशी नागरिकहरुले नेपाली धितोपत्रमा लगानी गर्न आवश्यक कार्यविधि तयार गरिनेछ। | २०६८ कार्तिक | पूँजी बजारको पूँजी प्रवाहमा भएको वृद्धि | नेपाली पूँजी बजारमा पूँजी प्रवाह वृद्धि भई लगानीलाई योगदान पुग्ने। |
| २३ | निक्षेप सुरक्षण कार्यक्रम | • सबै बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप सुरक्षण गरिनेछ। | २०६९ आषाढ | बैंक तथा वित्तीय संस्थाहरु प्रतिको विश्वासमा आएको | निक्षेप सुरक्षण भई बैंक तथा वित्तीय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ● अनिवार्य निक्षेप बीमाको रकम रु. ५ लाख पुऱ्याइनेछ । | | वृद्धि । | संस्थाहरु प्रतिको विश्वसनियतामा वृद्धि हुने |
| | | ● निक्षेप सुरक्षण निकायको पूँजी वृद्धिकालागि रु. ५० करोड थप लगानी गरिनेछ । | | | |
| २४ | वित्तीय संस्थाहरुलाई परस्पर गाभ्न प्रोत्साहन गर्ने | ● बैंक तथा वित्तीय संस्थाहरुलाई एक आपसमा गाभ्न प्रोत्साहित गर्न रजिष्ट्रेशन शुल्कमा छुट दिइनेछ । | निरन्तर | गाभिएका बैंकको संख्या | बैंक तथा वित्तीय संस्थाहरुको क्षमता अभिवृद्धि भई विश्वसनियता बढ्ने |
| | | ● सरकारी बैंक तथा वित्तीय संस्थाहरुलाई एक आपसमा गाभ्ने प्रकृया शुरु गरिनेछ । | २०६९ कार्तिक मसान्त | | |
| २५ | लघुवित्त विस्तार | ● छुट्टै लघुवित्त कोषको स्थापना गर्न आवश्यक कानून तर्जुमा गरिनेछ । | २०६८ चैत्र | कानूनको तर्जुमा | लघुवित्त कोषको स्थापना भई गरीब र विपन्न वर्गमा कर्जा प्रवाह गर्न सहज हुने । |
| | | ● लघुवित्त संस्थाहरुबाट हुने कारोवारको दायरा फराकिलो पारी विपन्न वर्गमा जाने कर्जामा सहुलियत व्याजदरको व्यवस्था गरिनेछ । | निरन्तर | लघुवित्त कर्जा रकम | गरीब तथा विपन्न वर्गलाई सहुलियत ब्याजदरमा ऋण प्राप्त हुने । |
| २६ | लघुवित्त विमा कार्यक्रम | ● दश वटा पहाडी जिल्लाहरुमा लघुवित्त बीमा कार्यक्रम प्रारम्भ गरिनेछ । | २०६९ अषाढ | दुर्गम, ग्रामिण क्षेत्र तथा न्यून आय वर्गसम्म बीमा सेवाको विस्तार | दुर्गम, ग्रामीण क्षेत्र तथा न्यून आय वर्गसम्म बीमा सेवा विस्तार भई ती क्षेत्र तथा वर्गका जनतालाई लाभ पुग्ने |
| २७ | आर्थिक प्रवृत्तिको विश्लेषण | ● मुख्य आर्थिक परिसूचकहरुको नियमित विश्लेषण गरी मासिक तथा चौमासिक आर्थिक स्थिति प्रकाशित गरिनेछ । | निरन्तर | आर्थिक स्थितिको प्रतिवेदन | देशको आर्थिक स्थितिको बारेमा नियमित विवरण प्राप्त भई आवश्यक कदम चाल्न सहयोग पुग्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | नियमन कार्य | ● बैंक तथा वित्तीय संस्था, धितोपत्र बजार सम्बन्धी संस्थानहरु तथा बीमा कम्पनीहरुको नियमित अनुगमन र नियमन गरिनेछ । | | अनुगमन गरिएका सस्थाहरुको संख्या | बैंक, वित्तीय संस्था, धितोपत्र बजार तथा बीमा कम्पनीको कामकारवाहीमा प्रभावकारीता आई वित्तीय संस्थाहरु प्रति विश्वासको वातावरण बन्ने । |
| **यी कार्यहरुलाई प्रभावकारी रुपमा अगाडि बढाउन अर्थ मन्त्रालयले सक्रियता लिनेछ । नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक, लघुवित्त सम्बन्धि संस्थाहरु, साना किसान विकास बैंक, नेपाल धितोपत्र बोर्ड, निक्षेप तथा कर्जा सुरक्षण निगम, बीमा समिति लगायतका निकायहरुले छुट्टाछुट्टै विस्तृत कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने छन ।** | | | | | |
| **बैदेशिक सहायता समन्वय** | | | **मुख्य जिम्मेवार निकायः बैदेशिक सहायता समन्वय महाशाखा** | | |
| २९ | बैदेशिक सहायताको प्रभावकारिता बढाउने | ● राष्ट्रिय प्राथमिकता प्रापत क्षेत्र र जनतालाई प्रत्यक्ष लाभ पुऱ्याउने आयोजना तथा कार्यक्रमको लागि मात्र बैदेशिक सहायता लिइनेछ । | निरन्तर | बैदेशिक सहायताको उपयोग उत्पादनशिल क्षेत्रमा हुने । | जनताको जिवनस्तरमा क्रमिक सुधार हुने । |
| | | ● अधिकतम लाभ हुने प्राथमिकताका क्षेत्र र सीमित मध्यम तथा ठूला आयोजनामा सहायताको उपयोगमा जोड दिइनेछ । | | माध्यम तथा ठूला आयोजनाहरुको तर्जुमा | आसपासका जनताले रोजगारी पाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | कार्यान्वयनको अनुगमन तथा क्षमताको विकास | • राष्ट्रिय महत्वका केही प्रमुख आयोजनाहरु स्थलगत अनुगमन गरी कार्यान्वयनमा आएका समस्या समाधान गरिने । | निरन्तर | समयमै आयोजना सम्पन्न हुने तथा बैदेशिक सहायताको उपयोगमा वृद्धि हुने । | आयोजना समयमै सम्पन्न भई आयोजनाको प्रतिफल पुग्ने । |
| | | • बैदेशिक सहायताका विविध पक्षमा सबै सरोकारबालाका लागि विषयगत तालिम दिलाइनेछ । | | तालिमप्राप्त जनशक्तिमा वृद्धि भएको हुने । | आयोजना कार्यान्वयनमा जनताको सहभागिता र स्वामित्व बढ्ने । |
| ३१ | वैदेशिक सहायता सम्बन्धी सूचना प्रवाह | • नेपालमा कार्यरत दातृमुलुक तथा संस्थाहरु सम्बन्धी अध्यावधिक विवरण (Donner Profile) तयार गर्ने । | कार्तिक मसान्तभित्र | सहायतासम्बन्धी विवरण प्रकाशित हुने । | सहायताको प्राप्ति, उपयोग र प्रभाव बारे जानकारी भई भविष्यलाई मार्ग दर्शन मिल्ने |
| | | • वैदेशिक सहायता सम्वन्धित सम्पूर्ण विवरणहरुलाई अर्थ मन्त्रालयको सूचना प्रणालीमा प्रविष्ट गरिनेछ । | चैत्र मसान्त भित्र | सूचनाप्रणालीमा आएको सुधार । | |
| | | • बैदेशिक सहायता र प्राप्ति र उपयोग सम्बन्धी सूचना जनस्तरसम्म प्रवाह गरिनेछ । | निरन्तर | बजेट पुस्तिका, बुलेटिन, वेवसाइटको उपयोगमा भएको वृद्धि | |

| संस्थान समन्वय | | | मुख्य जिम्मेवार निकायः संस्थान समन्वय महाशाखा | | |
|---|---|---|---|---|---|
| ३२ | उच्चस्तरीय सार्वजनिक प्रतिष्ठान व्यवस्थापन बोर्ड गठन गर्ने । | • अधिकांश सार्वजनिक संस्थानहरु स्थापनाको उद्देश्य अनुरुप जनतालाई सेवा दिन सफल तुल्याउन तथा सार्वजनिक संस्थानहरुको सञ्चालन र अनुगमनलाई सशक्त बनाउन उच्चस्तरीय सार्वजनिक प्रतिष्ठान व्यवस्थापन बोर्ड गठन गरिनेछ | २०६८ पुस मसान्त | बोर्ड गठन भएको हुने । | सार्वजनिक संस्थानको व्यवस्थापन तथा कार्य सम्पादनमा सुधार आई जनतालाई प्रवाह हुने सेवा, सुविधा तथा वस्तुको आपूर्तिमा प्रभावकारीता आउने |
| ३३ | संस्थान प्रमुख नियुक्तीको कार्यविधि तर्जुमा गर्ने / परिपत्र गर्ने | • सबै सार्वजनिक संस्थानहरुमा प्रमुख कार्यकारी अधिकृत वा महाप्रबन्धकको नियुक्ति खुल्ला प्रतिस्पर्धाबाट गर्नकालागि कार्यविधि तयार गरिनेछ / परिपत्र जारी गरिनेछ । | २०६८ असोज मसान्त | कार्यबिधिको तर्जुमा/ परिपत्र भएको हुने<br>खुला प्रतियोगिताबाट नियुक्त संस्थान प्रमुखको संख्या | |
| ३४ | बिनिवेश संवन्धी कार्य | • सार्वजनिक संस्थानको शेयर सार्वसाधारणमा बिनिवेश गर्दै जाने नीतिलाई कार्यान्वयनमा ल्याईनेछ । | निरन्तर | नेपाल सरकारको शेयर विनिवेश भएको संख्या | संस्थानमा लगानी भएको आर्थिक स्रोत जनतालाई प्रत्यक्ष लाभ पुग्ने क्षेत्रमा प्रवाह हुने । |
| ३५ | निजिकरण गरिएका संस्थानहरुको निजिकरण पश्चातको अवस्थाका बारेमा मुल्यांकन गर्ने । | • तोकिएका निजिकरण भएका संस्थाहरुको मुल्यांकन गरिनेछ । | निरन्तर | संस्था सन्चालनको अवस्था | निजीकरणको उद्देश्य पुरा भए नभएको जानकारी प्राप्त हुने । निजीकरण सम्वन्धी सम्झौताको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यान्वयन भए नभएको अनुमगन हुने । |
| यी कार्यहरुलाई प्रभावकारी रुपमा अगाडि बढाउन अर्थ मन्त्रालयले सक्रियता लिनेछ । अर्थ मन्त्रालय अन्तर्गतका कृषि विकास बैंक लि., राष्ट्रिय वीमा संस्थान ( जीवन/निर्जिवन), नेपाल औद्योगिक विकास निगम लि., राष्ट्रिय वाणिज्य बैंक लि., निक्षेप तथा कर्जा सुरक्षण निगम लि., नेपाल आवास फाइनान्स लि., नेपाल एक्सचेन्ज लि. र नागरिक लगानी कोषहरुले छुट्टाछुट्टै विस्तृत कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनेछन् । | | | | | |
| **युवा स्वरोजगार कार्यक्रम** | | | **मुख्य जिम्मेवार निकायः युवा स्वरोजगार कोष** | | |
| ३६ | रोजगारी अभिवृद्धि | • रिक्सा मजदुरहरुलाई रिक्सा खरिद गर्न सहुलियत पूर्ण व्याजदरमा ऋण उपलब्ध गराइनेछ । | निरन्तर | उपलब्ध गराइएको ऋण | रोजगारी चाहनेहरुका लागि सीप र तालिम प्राप्त हुने । व्यवसाय गर्न चाहनेहरुलाई ऋण उपलब्ध हुने । स्थानीय व्यवसायको विकास हुने । रोजगारीको अवसर सिर्जना भई आय आर्जन वढ्ने । |
| | | • स्वरोजगारकालागि लिएको ऋणको नियमित किस्ता वुझाउने ऋणीलाई व्याजमा ६० प्रतिशत अनुदान उपलब्ध गराइनेछ । | | उपलब्ध गराइएको अनुदान | |
| | | • स्वरोजगारको निमित्त लिएको ऋणको बीमा बापतको खर्च प्रिमियम स्वरुप उपलब्ध गराइनेछ । | | प्रिमियम स्वरुप उपलब्ध गराइएको रकम | |
| | | • सीपमुलक व्यवसायिक तालिम निःशुल्क रुपमा उपलब्ध गराइनेछ । | | सीपमूलक तालिम लिनेको संख्या | |
| | | • स्वरोजगार कर्जा लिने ऋणीलाई क्षमता अभिवृद्धि तालिम उपलब्ध गराइनेछ । | | तालिम लिनेको संख्या | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • कर्जा व्यवस्थापन गर्न बैंक तथा वित्तीय संस्थालाई तोकिएको कर्जा व्यवस्थापन शुल्क खर्च उपलब्ध गराइनेछ। | | कर्जा व्यवस्थापन शुल्क खर्च बापत उपलब्ध गराइएको रकम | |
| | | • माटो परीक्षण तालिम संचालन गरिनेछ। | | परिक्षणको अवस्था | |

११. **अनुगमन तथा मुल्यांकन संयन्त्र**

यो सेवा प्रवाहको तात्कालिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न उच्चस्तरीय अनुगमनको व्यवस्था मिलाइएकोछ । माननीय अर्थमन्त्रीको अध्यक्षतामा अर्थ सचिव, महालेखा नियन्त्रक , मन्त्रालयका सबै महाशाखा प्रमुख, र विभागीय प्रमुखहरु संलग्न रहेको अनुगमन कार्यदल गठन गरिएकोछ। कार्ययोजना कार्यान्वयनको सचिवालयको काम अनुगमन तथा मुल्यांकन महाशाखाले गर्नेछ। यो कार्यदलले मासिक रुपमा कार्य प्रगतीको समिक्षा गर्नेछ । कार्यसम्पादनका आधारमा महाशाखा, विभाग, आयोजनाहरुलाई ग्रेडिङ्ग गरिनेछ । प्रगति प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्तुत गरिनेछ।